## बैठक नं. ५७

आज मिति २०८२ साल पौष २४ गते बिहिवार यस कीर्तिपुर नगरपालिकाका नगरप्रमुख श्री कृष्णमान डंगोलज्युको अध्यक्षतामा, नगर कार्यपालिकाको बैठक, नगरपालिकाको सभाकक्षमा देहाय बमोजिमको उपस्थितिमा वसी निम्न बमोजिमका निर्णयहरु गरियो।

| सि.न. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | नगर प्रमुख | श्री कृष्णमान डंगोल | |
| २ | उप प्रमुख | श्री शुभलक्ष्मी शाक्य (सुनिता) | |
| ३ | सदस्य, अध्यक्ष वडा नं. १ | श्री इच्छा कुमार महर्जन | |
| ४ | सदस्य, अध्यक्ष वडा नं. २ | श्री रुपेश महर्जन | |
| ५ | सदस्य, अध्यक्ष वडाल नं. ३ | श्री सुविन्द्र महर्जन | |
| ६ | सदस्य, अध्यक्ष वडा नं. ४ | श्री राजेन्द्र बाँनिया | |
| ७ | सदस्य, अध्यक्ष वडा नं. ५ | श्री राजेन्द्र कुमार महर्जन | |
| ८ | सदस्य, अध्यक्ष वडा नं. ६ | श्री खीरमान सिंह वस्नेत ( पृथ्वी ) | |
| ९ | सदस्य, अध्यक्ष वडा नं. ७ | श्री दिवाकर अधिकारी | |
| १० | सदस्य, अध्यक्ष वडा नं. ८ | श्री सानु मैया महर्जन | |
| ११ | सदस्य, अध्यक्ष वडा नं. ९ | श्री दिनेश श्रेष्ठ | |
| १२ | सदस्य, अध्यक्ष वडा नं. १० | श्री नरेश महर्जन | |
| १३ | सदस्य | श्री हरिराम बोगटी | |
| १४ | कार्यपालिका सदस्य | श्री जमुना महर्जन | |

CamScanner

| सि.न. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १५ | सदस्य | श्री पवित्रा विष्ट | |
| १६ | सदस्य | श्री विमला थापा (कार्की) | |
| १७ | सदस्य | श्री राजिता गौतम महर्जन | |
| १८ | सदस्य | श्री राज्यलक्ष्मी श्रेष्ठ शाक्य | |
| १९ | सदस्य | श्री सुजाता सुनाम | |
| २० | सचिव | श्री राम दत्त भट्ट | |

आमन्त्रित व्यवस्थापन कर्मचारीहरु:

| सि.न. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

CamScanner

प्रस्तावहरु

१. अघिल्लो वैठकको समीक्षा सम्वन्धमा
२. चालु आर्थिक वर्षको आय व्ययको समीक्षा समीक्षा सम्वन्धमा
३. संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन अध्यावधिक सम्वन्धमा
४. सवारी साधन खरिद सम्वन्धमा
५. फोहोरमैला व्वयस्थापनको सम्झौता सम्वन्धमा
६. सडक पेटी हरियाली सम्झौता अनुमोदन सम्वन्धमा
७. संघीय तथा प्रदेश सरकारका योजना तथा कार्यक्रमको म्याद थप सम्वन्धमा
८. वडा नं. ७ मा महादेवको मूर्ति स्थापना सम्वनधमा
९. रकमान्तर र शिर्षकान्तर सम्वन्धमा
१०. जनशक्ति व्यवस्थापन सम्वन्धमा
११. अल्या योजना तथा कार्यक्रमको म्याद थप सम्वनधमा
१२. क्षतिपूर्ति समवन्धमा
१३. हेमोडायलिस सम्वन्धी कार्यविधि, २०८२ स्वीकृत सम्वन्धमा
१४. रकम विनियोजन समवन्धमा
१५. घ वर्गको ईजाजतपत्र जारी गर्ने सम्वन्धमा
१६. दरवन्दी मिलान सम्वन्धमा
१७. संस्थागत विद्यालयको विधान सम्वन्धमा
१८. ४ नं. वडा कार्यालयको प्रशासकीय भवन निर्माण सम्वनधमा
१९. वडा स्तरीय अनुगमन सम्वन्धमा
२०. वेरुजु फछ्यौंट सम्वन्धमा

**निर्णय नं. १**

प्रस्ताव नं.१ माथि छलफल हुँदा अघिल्लो बैठकको समीक्षा भयो। निर्णय कार्यान्वयनको अवस्था सन्तोषजनक रहेको पाईयो।

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल हुँदा चालु आर्थिक वर्षको २०८२ पौष २३ सम्मको आय व्यय सम्वन्धमा समीक्षा भयो।

**निर्णय नं. ३**

प्रस्ताव नं.३ माथि छलफल हुँदा यस कीर्तिपुर नगरपालिकाको संगठन तथा व्ययस्थापन सर्वेक्षण प्रतिवेदन अध्यावधिक गरी स्वीकृतिका लागि सभामा पेश गर्ने निर्णय गरियो।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल हुँदा सार्वजनिक खरिद ऐन र नियमावलीको अधिनमा रही मेकानिकल ईन्जिनियरले तयार गरेको स्पेसिफिकेशन र लागत अनुमानको आधारमा ७ थान चार पाङ्ग्रे र १० थान दुई पाङ्ग्रे सवारी साधन खरिदको प्रकृया अगाडि बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथि छलफल हुँदा फोहोरमैला व्ययस्थापन सम्वन्धि परियोजनाको सम्झौता गर्ने अख्तियारी नगर प्रमुखलाई दिने निर्णय गरियो।

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ माथि छलफल हुँदा मिति २०८२।०७।२१ मा LILY LEAVES SOCIAL ENTERPRISES संस्था र यस नगरपालिकाबीच सडक पेटी हरियाली सम्वन्धी भएको नगर प्रमुखस्तरीय सम्झौताको निर्णय अनुमोदन गर्ने निर्णय गरियो।

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ माथि छलफल हुँदा आर्थिक वर्ष २०८१।८२ मा संघ तथा प्रदेश सरकावाट वित्तीय हस्तान्तरण मार्फत यस नगरपालिकामा सञ्चालन भएका तर काम सम्पन्न नभएका योजना तथा कार्यक्रमको म्याद २०८२ चैत्र मसान्तसम्म थपका लागि सभामा पेश गर्ने निर्णय गरियो।

CamScanner

**निर्णय नं. ८**

प्रस्ताव नं. ८ माथि छलफल हुँदा आर्थिक वर्ष २०८२।८३ को वडास्तरीय योजनामा महादेवको मूर्ति स्थापनाको लागि विनियोजन भएको रकमवाट साविक बाहिरीगाउँ गा.वि.स. वडा नं ५ हाल कीर्तिपुर नगरपालिका ७ नं. वडा कित्ता नं. ४५ मा उक्त महादेवको मूर्ति स्थापनाको स्वीकृतिका लागि सभामा पेश गर्ने निर्णय गरियो।

**निर्णय नं. ९**

प्रस्ताव नं. ९ माथि छलफल हुँदा वडा समितिको सिफारिसको आधारमा आर्थिक वर्ष २०८२।८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसारका अनुसूची-१ बमोजिमका योजना तथा कार्यक्रमको रकमान्तर तथा शिर्षकान्तरका लागि सभामा पेश गर्ने निर्णय गरियो।

**निर्णय नं. १०**

प्रस्ताव नं. १० माथि छलफल हुँदा यस नगरपालिका र वडा कार्यालयवाट सञ्चालन हुने विद्युत तथा सिसि क्यामेरा जडान तथा मर्मतको स्पेसिफिकेशन, लागत अनुमान र निरीक्षण गर्न कार्यालयमा ईलेक्ट्रीकल सम्वन्धि कार्य गर्ने जनशक्ति अपुग भएकोले प्रचलित कानुन बमोजिम ईलेक्ट्रिकल एण्ड ईलेक्ट्रोनिक्समा कम्तीमा डिप्लोमा गरेको एक जना कर्मचारी पदपूर्तिको प्रकृया अगाडि वढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

**निर्णय नं. ११**

प्रस्ताव नं. ११ माथि छलफल हुँदा आर्थिक वर्ष २०८१।८२ सम्झौता भई विविध कारणले कार्यसम्पन्न नभई २०८२।८३ मा अल्या भएका योजना तथा कार्यक्रमको म्याद अन्तिम पटक २०८३ वैशाख मसान्तसम्म थपका लागि सभामा पेश गर्ने निर्णय गरियो।

**निर्णय नं. १२**

मिति २०८२ मंसिर ८ गतेको निर्णयको आधारमा २०८२ भाद्र २३ र २४ गतेको आन्दोलनका कारण नगरपालिकाको प्रशासकीय भवनमा भएको आगजनीका कारण यस कार्यालयमा कार्यरत हलुका सवारी चालक श्री हेमन्त महर्जन र नगर प्रहरी जवान श्री निरोज तामाङ्गको क्षति भएको मोटरसाईकलको वजार मुल्याङ्कन भई प्राप्त भएको मुल्याङ्कन रकमको ८० प्रतिशतमा नबढ्ने गरी क्षतिपूर्ति दिने निर्णय गरियो।

CS CamScanner

**निर्णय नं. १३**

प्रस्ताव नं. १३ माथि छलफल हुँदा हेमोडायलिस सम्वन्धि कार्यविधि, २०८२ स्वीकृत गरी स्थानीय राजपत्रमा प्रकाशन गर्ने निर्णय गरियो।

**निर्णय नं. १४**

प्रस्ताव नं. १४ माथि छलफल हुँदा गत विगतका र आर्थक वर्ष २०८१।८२ मा सम्झौता भई विविध कारणले काम सम्पन्न हुन नसकेका अल्या छुट भएका तपसिलमा उल्लेखित योजना तथा कार्यक्रमका लागि वजेट विनियोजनका लागि सभामा पेश गर्ने निर्णय गरियो।

तपसिल :

क. बाघभैरव मन्दिर परिसरभित्र चिक अपा छाप्ने योजना रु. ९ लाख ६५ हजार
ख. साङ्केतिक भाषा तालिम रु. १ लाख

**निर्णय नं. १५**

प्रस्ताव नं १५ माथि छलफल गर्दा यस नगरपालिकामा विभिन्न मितिमा घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र माग गरी पेश हुन आएका निवेदकहरू मध्ये घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी समितिबाट योग्यता सम्बन्धी कागजातहरू रुजु गरी ईजाजतपत्र दिनका लागि सिफारिस भै आएका निम निवेदक/फर्महरूलाई घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र प्रदान गर्ने निर्णय गरियो।

| क.स | फर्म /कम्पनीको नाम | संचालकको नाम | वडा नं | ठेगाना | कैफियत |
|---|---|---|---|---|---|
| १ | चेहेमी इन्फ्रा डेभलपर्स प्रा लि | श्री रमेश बहादुर कुँवर | ८ | कीर्तिपुर | |
| २ | सर्ट एण्ड स्ट्रोङ्ग कन्स्ट्रक्सन प्रा लि | श्री भोज बहादुर रावल | ५ | कीर्तिपुर | |
| ३ | क्रिप्टप कन्स्ट्रक्सन प्रा लि | श्री भरत कुमार पोखेल | ५ | कीर्तिपुर | |
| ४ | श्री महांकाल देवी कन्स्ट्रक्सन प्रा लि | श्री अक्कल बहादुर लामा | ४ | कीर्तिपुर | |
| ५ | श्री जे पी गंगोत्री कन्स्ट्रक्सन प्रा लि | श्री उदय पोखेल | १ | कीर्तिपुर | |
| ६ | श्री सानिया कन्स्ट्रक्सन एण्ड सप्लायार्स प्रा लि | श्री सहवाज हुसेन श्री मो. महिउदिन मिया | ४ | कीर्तिपुर | |
| ७ | श्री जे पी सि राज कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा लि | श्री राज बहादुर सनार | ३ | कीर्तिपुर | |
| ८ | अजर इन्फ्रास्ट्रक्चर्स प्रा लि | श्री विजय चालिसे | १० | कीर्तिपुर | |

CamScanner

| क.स | फर्म /कम्पनीको नाम | संचालकको नाम | वडा नं | ठेगाना | कैफियत |
|---|---|---|---|---|---|
| ९ | सुप्रिम हाउजिङ्ग एण्ड कन्स्ट्रक्सन प्रा लि | श्री हुमनाथ चौलागाई | १० | कीर्तिपुर | |
| १० | अकाय बिल्डर्स एण्ड मार्केटिङ्ग कम्पनी प्रा लि | श्री संजु कुमारी | ८ | कीर्तिपुर | |
| ११ | एज्याक्स कन्सल्टेन्ट एण्ड कन्स्ट्रक्सन प्रा लि | श्री कृष्ण कुमार सिंह | ५ | कीर्तिपुर | |
| १२ | इक्रा एण्ड साना कन्स्ट्रक्सन सप्लायर्स प्रा लि | श्री नुरैन अलाम | ४ | कीर्तिपुर | |
| १३ | वाईवा राजा कन्स्ट्रक्सन प्रा लि | श्री बुद्दिमान तामाङ्ग | ८ | कीर्तिपुर | |
| १४ | आगिरा कन्सल्ट एण्ड कन्स्ट्रक्सन प्रा. लि | श्री आशिष क्षेत्री | १ | कीर्तिपुर | |
| १५ | एम एच एम कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा लि | श्री पुरषोतम गोइत | ५ | कीर्तिपुर | |
| १६ | श्री ओम विष्णु कन्स्ट्रक्सन प्रा लि | श्री निशान शाही | ८ | कीर्तिपुर | |
| १७ | डि आर एस श्री निर्माण सेवा एण्ड सप्लायर्स प्रा लि | श्री दामोदर पन्थी | ७ | कीर्तिपुर | |
| १८ | जेनिथोन ग्रुप प्रा लि | श्री डम्वर वहादुर बुढा<br>श्री हिम बहादुर बुढा | ४ | कीर्तिपुर | |
| १९ | सत्व होम्स डिजाइन एण्ड कन्स्ट्रक्सन प्रा लि | श्री प्रथम थापा | १० | कीर्तिपुर | |
| २० | ओम शुभलक्ष्मी निर्माण सेवा प्रा लि | श्री विन्दा बस्नेत | ७ | कीर्तिपुर | |
| २१ | बस्नेत इन्जिनियरिङ्ग कन्सल्टेन्सी एण्ड कन्स्ट्रक्सन प्रा लि | श्री रचित बस्नेत | ४ | कीर्तिपुर | |
| २२ | जन चेतना कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा लि | श्री श्याम वहादुर गिरी<br>श्री सरोज गिरी | ४ | कीर्तिपुर | |

CamScanner

## निर्णय नं.१६

प्रस्ताव नं. १६ माथि छलफल हुँदा शिक्षा समितिको पुष ११ गतेको निर्णय अनुसार शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन कार्यविधि, २०७६ बमोजिम यस नगरपालिकाको प्राथमिक तह, निम्न माध्यमिक तह र माध्यमिक तह र राहत समेतका लागि प्राप्त शिक्षक संख्यालाई शिक्षा नियमावली २०५९ संशोधन सहितको नियम ९२ संग सम्बन्धित अनुसुचि १२ बमोजिम मिलान गरी सम्बन्धित नियकामा सिफारिसका लागि पेश भए अनुसारको निर्णय पारित गर्ने निर्णय गरियो।

| | | प्राथमिक तह (कक्षा १- ५) | | | | | | निम्न माध्यमिक तह (कक्षा ६-८) | | | माध्यमिक तह (कक्षा ९-१०) | | | कायम हुने दरबन्दी | | | | वि.संख्या अनुसार नि.मा.वि नपुग | वि.संख्या अनुसार मा.वि नपुग |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क.सं | विद्यालय | विद्यार्थी संख्या | कार्यरत | न्यूनतम कायम हुने संख्या ४५ | माथिल्लो तहमा गणना हुने न.पा. पुल १२ | खुद न.पा. पुल १९ | पुल सहित कायम हुने जम्मा | विद्यार्थी संख्या | कार्यरत | कायम हुने | विद्यार्थी संख्या | कार्यरत | कायम हुने | प्र.वि. | नि.मा.वि | मा.वि | जम्मा | | |
| १ | आदिनाथ मा.वि | ९४ | ६ | ३ | ० | ३ | ६ | ८७ | ४ | ४ | ४६ | ५ | ५ | ६ | ४ | ५ | १५ | ० | ० |
| २ | बाघभैरव मा वि | ४९ | ६ | ३ | ० | २ | ५ | ४१ | ७ | ५ | २८ | ६ | ५ | ५ | ५ | ५ | १५ | ० | ० |
| ३ | वैष्णवी मा वि | ८६ | ५ | ३ | १ | २ | ६ | १३७ | ३ | ३ | ७३ | ४ | ४ | ६ | ३ | ४ | १३ | १ | १ |
| ४ | बालकुमारी मा वि | १५२ | ८ | ४ | २ | २ | ८ | १४२ | ३ | ४ | १०६ | ४ | ५ | ८ | ४ | ५ | १७ | १ | १ |
| ५ | विश्वराष्ट्रिय मा वि | ७७ | ४ | ३ | १ | १ | ५ | ४७ | १ | ३ | २४ | १ | २ | ५ | ३ | २ | १० | २ | ३ |
| ६ | गोरखनाथ मा वि | ८१ | ७ | ३ | २ | १ | ६ | ६४ | २ | ३ | ६० | ३ | ४ | ६ | ३ | ४ | १३ | १ | १ |
| ७ | इन्द्रायणी आ वि | ४४ | २ | २ | ० | ० | २ | ० | ० | ० | ० | ० | ० | २ | ० | ० | २ | ० | ० |
| ८ | जनसेवा मा वि | ३८२ | १२ | ७ | २ | ४ | १३ | २८७ | ८ | ७ | २६१ | ८ | ७ | १३ | ७ | ७ | २७ | ५ | ५ |
| ९ | कीर्तिपुर मा वि | १५१ | ११ | ४ | २ | २ | ८ | १९४ | ७ | ६ | १८३ | ८ | ७ | ८ | ६ | ७ | २१ | २ | २ |
| १० | मंगल मा वि | ३९५ | ६ | ५ | २ | १ | ८ | ४४६ | ३ | ३ | २८७ | ५ | ५ | ९ | ३ | ५ | १६ | ५ | ५ |
| ११ | नवज्योति आ वि | ५४ | ३ | ३ | ० | ० | ३ | ० | ० | ० | ० | ० | ० | ३ | ० | ० | ३ | ० | ० |
| १२ | टौदह रा. मा वि | २३५ | ६ | ५ | ० | १ | ६ | १०८ | ४ | ४ | ६८ | ५ | ५ | ६ | ४ | ५ | १५ | १ | १ |
| | जम्मा | १८०० | ७६ | ४५ | १२ | १९ | ७६ | १५५३ | ४२ | ४२ | ११३६ | ४९ | ४९ | ७७ | ४२ | ४९ | १६७ | १८ | १९ |

नगर प्रमुख

कृष्णमान डंगोल

निर्णय नं १७

प्रस्ताव नं. १७ माथि छलफल हुँदा संस्थागत विद्यालयहरूको विधान पारितका लागि आवश्यक प्रक्रिया पुरा गरी शिक्षा शाखाले प्रमाणिकरण गर्ने गरी अख्तियारी प्रदान गर्ने निर्णय गरियो।

निर्णय नं. १८

प्रस्ताव नं. १८ माथि छलफल हुँदा मिति २०८२ भाद्र २३ र २४ गते भएको जेन्जी आन्दोलनको क्रममा आगजजीका कारण पूर्णरुपमा क्षतिग्रस्त ४ नं. वडा कार्यालयको प्रशासकीय भवन निर्माण साविक बमोजिमकै स्थान गर्ने निर्णय स्वीकृतिका लागि नगर सभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं १९

प्रस्ताव नं. १८ माथि छलफल हुँदा वडास्तरमा सञ्चालन हुने वडास्तरीय योजना तथा कार्यक्रमको अनुगमन नगरस्तरीय अनुगमन समितिवाट गर्ने निर्णय स्वीकृतिका लागि नगर सभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. २०

प्रस्ताव नं. २० माथि छलफल हुँदा महालेखा परीक्षकको कार्यालयबाट भएका अन्तिम लेखा परीक्षणवाट औंल्याईएका अनियमित वेरुजुहरूको दफावार छलफल गरी फछर्यौट का लागि नगर सभामा पेश गर्ने निर्णय गरियो।